## छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्वन्धमा ।

२. कर्मचारी माग सम्बन्धमा ।

३. विपद् प्रतिकार्य योजना तयारी सम्बन्धमा ।

४. दिगो विकास लक्षका सूचक स्थानीयकरण गर्ने सम्वन्धमा ।

५. विविध:

(क) कर्मचारी कल्याण कोषको रकम खातामा स्थानान्तरण गर्ने सम्बन्धमा ।

(ख) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना संशोधन सम्बन्धमा ।

CamScanner

# छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** यस अघिका कार्यपालिका बैठकका निर्णयहरु लिपिबद्ध गरी केही निर्णयहरु कार्यान्वयन भई सकेका र अन्य निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै जाने विषयमा समिक्षा एवम् छलफल गरियो ।

**निर्णय नं. २ कर्मचारी माग सम्वन्धमाः-** गाउँपालिकाको स्वीकृत स्थायी दरवन्दी तेरिज बमोजिम रिक्त रहेका तपसिल बमोजिमा पदमा स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमा माग आकृति फाराम भरी पठाउने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | माग पदको नाम | पदको तह | सेवा/समूह | कूल माग पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सब इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग/ सिभिल | ५ | |

**निर्णय नं. ३ विपद् प्रतिकार्य योजना तयारी सम्बन्धमाः-** गाउँपालिकाको वार्षिक स्वीकृत बजेटको परिधिभित्र रहि प्रचलित ऐन, नियम र परिधि भित्र रहि गाउँपालिकको विपद् प्रतिकार्य योजना तयारी गर्ने निर्णय गरि सोको जिम्मा कार्यालयका कर्मचारीलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ४ दिगो विकास लक्षका सूचक स्थानीयकरण गर्ने सम्बन्धमाः-** दिगो विकास लक्षका सूचकलाई अध्ययन गरी स्थानीय तहमा उक्त सूचकहरुलाई स्थानीयकरण गरी सूचकको लक्षमा पुग्ने गरि योजना तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि दिगो विकासका लक्षको स्थानीयकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ विविधः**

**(क) कर्मचारी कल्याण कोषको रकम खातामा स्थानान्तरण गर्ने सम्बन्धमाः** कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीका लागि कार्यविधिले तोके बमोजिम उपलब्ध गराउनका लागि चालु आ.व. २०८१/०८२ मा विनियोजित रकम रु. ३,००,०००।- (अक्षरुपीः तीन लाख रुपैयाँ मात्र ।) कार्यालयको विविध खाता (कर्मचारी कल्याण कोष) मा स्थानान्तरण गरि जम्मा गर्ने निर्णय गरियो।

CamScanner

(ख) **प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना सञ्चालन सम्बन्धमाः-**

चालु आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत शिवपुरी रोजगार केन्द्रबाट सञ्चालन हुने गरि छनौट भएका थप योजना तपसिल बमोजिम सञ्चालन गर्ने निर्णय गरियो ।

**तपसिल**

**संशोधन गर्नु पर्ने**

| क्र.सं. | साविकको शीर्षक | रकम | संशोधन गरिए पछिको शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | छहरे वन लौके झरनामा बगैचा निर्माण, वृक्षारोपण एवं संरक्षण | २१२४०० | ढोडिनी मरण पार्टीको पूर्वाधार तथा गोरेटो बाटो निर्माण | ७०८०० |
| | | | काफ्ले थुम्का हुँदै खनियाचौर खा.पा. | १४१२०० |

**नयाँ थप**

| क्र.स. | वडा नं. | आयोजनाको नाम | बजेट | आवश्यक श्रमिक |
|---|---|---|---|---|
| १ | ८ | कुम्भेश्वरी मन्दिर पदमार्ग निर्माण | ७०८०० | १ |
| २ | ५ | माझ गाउँ पधेरा डाँडा देखी कुना घर खोल्चा सम्म कुलो सरसफाई | ७०८०० | २ |

CS CamScanner